नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार प्रदेश प्रमुख सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

## हरितालिका (तीज), २०८३ को शुभकामना सन्देश

हिन्दु धर्मावलम्बी नेपाली महिलाहरूको महान् पर्व हरितालिका (तीज), २०८३ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवम् सौभाग्यका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

भाद्र शुक्ल तृतीयाको दिन हिन्दु नारीहरूले भगवान शिवजीको पूजा आराधना गरी व्रत बस्नुका साथै नाचगान गरी हर्षोल्लासपूर्वक यो पर्व मनाईन्छ । यस पर्वको अवसरमा अविवाहिता नारीले योग्य वर प्राप्त गर्न र विवाहिता नारीले पारिवारिक सुख र दाम्पत्य जीवनको सफलताको लागि व्रत वस्ने चलन रहेको छ । सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो मुलुकमा परापूर्व कालदेखि मनाउँदै आइरहेको यस पर्वले मौलिक संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै समाजका रहेका हरेक क्षेत्रमा महिलाहरूको समान पहुँचलाई अझ सशक्त रुपमा अघि बढाउँदै सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक प्रेम, सद्भाव र आत्मियता अभिवृद्धि गर्दै जाने विश्वास लिएको छु ।

अन्तमा, यस पर्वले सबै नेपालीबीच आपसी प्रेम, बन्धुत्व र एकताको भावना बढाएर नयाँ उमंग र हौसलाका साथ मुलुकको प्रगतिमा अग्रसर हुने प्रेरणा हामी सबैमा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८३ साल भाद्र २९ गते, सोमवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख